# फुकुओका नेपाल सोसाइटी विधान, २०५२

फुकुओका,जापान

**पहिलो संशोधन, २०५८**
**दोश्रो संशोधन, २०७४**
**तेस्रो संसोधन,( २०७८ जुन १८ )**

## प्रस्तावना

सम्पूर्ण क्युसुबासी नेपालीहरुको सेवामा समर्पित यस संस्थाले प्रवासी जीवनमा देखापरेका समस्यहरुलाई मध्यनजर गर्दै, समस्या समाधानको पहल गर्न, नेपाली चाडपर्व, कलासंस्कृतिहरु जापानको समुदायमा सम्म पुर्‍याउने मध्यम बन्न, नेपालको पर्यटन प्रवर्द्धन गर्न र नेपाली युवा जमातलाई सामाजिक कार्यमा कृयाशील गराउन फुकुओका नेपाल सोसाइटीको स्थापना गरिएको छ।

# परिच्छेद-१
# प्रारम्भिक

**१. संस्थाको नाम र प्रारम्भ**:

प्रस्तुत फुकुओका नेपाल सोसाइटीको विधान, २०५२ प्रथम संशोधन, २०५८ र द्वितीय संशोधन, २०७४ रहनेछ र यो विधान तत्काल लागू हुनेछ ।

क) यस संस्थाको नाम फुकुओका नेपाल सोसाइटी रहनेछ। अंग्रेजीमा (FUKUOKA NEPAL SOCIETY ) रहनेछ। छोटकरीमा **(FUNESO)** रहनेछ ।

ख) संस्थाको कार्यालय रहने ठेगाना: यस संस्थाको कार्यालय फुकुओका जापानमा रहनेछ ।

ग) संस्थाको अस्तित्वः यो संस्था एक अविछिन्न उत्तराधिकारवाला, संगठित, स्वशासित, गैर-नाफामूलक, गैर-राजनीतिक तथा गैर-सरकारी सामाजिक संस्था हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधानमा,

क) “विधान”भन्नाले फुकुओका नेपाल सोसाइटीको विधानलाई जनाउँछ ।

ख) “नियम” भन्नाले साधारण र बिशष सभाले जारी गरेको निर्णयलाई जनाउँछ ।

ग) “संचालक समिति” भन्नाले संस्थाको कार्यकारिणी समितिलाई जनाउँछ ।

घ) “सदस्य” भन्नाले संस्थाका साधारणसभाको विभिन्न किसिमका सदस्यहरुलाई जनाउँछ ।

**३. संस्थाको छाप र चिन्हः**

प्रचलित व्यवस्थाको प्रतिकूल नहुने गरी संस्थाको एउटा छुट्टै छाप र चिन्ह हुनेछ । छाप र चिन्ह अनुसुची १ बमोजिमको ढाँचामा हुनेछ तर संस्थाको नाम छाप र चिन्ह पूर्व दर्ता भएको कुनै संस्थासंग मेल खाएमा संशोधनको प्रकियाद्वारा तुरुन्त संशोधन गर्न सकिनेछ ।

# परिच्छेद-२

# उद्देश्य

**४. संस्थाको उद्देश्यः**

यो संस्थाको उद्देश्य देहाय बमोजिम हुनेछः

क) क्युसुबासी नेपाली दाजुभाई बीचमा आपसी सहयोगको आदान प्रदान गरी नेपाली चाँडवाडहरु सामुहिकरुपमा मनाउने ।

ख) नेपालको पर्यटन तथा शैक्षिक क्षेत्रको विकासमा टेवा पुऱ्याउने ।

ग) क्युसुबासी नेपालीहरुलाई जनचेतना जागृत गराउने खालका कार्यक्रम गर्ने ।

घ) सेमिनार तथा च्याटेरीसोको माध्यमद्वारा आपसी एकता, भातृत्व, सामाजीकरण र लोकतान्त्रीक आचरणको अभिवृद्वि गर्ने ।

ङ) रोजगार तथा विद्यार्थीहरुलाई आउन सक्ने समस्या र यसबाट बच्न सक्ने उपायको बोध गराई सामाजिक काम प्रति अभिरुची जागृत गराउने ।

च) क्युसुमा बसोबास गर्ने सम्पूर्ण नेपालीलाई गोलबन्द गरी सामाजिक कार्यप्रति अभिप्रित गर्ने ।

छ) सामाजिक कार्यमा नेपाल र फुकुओकाका संघ-संस्थाहरुसँग सहकार्य गर्ने ।

ज) विभिन्न संघ-संस्थाबाट हुने सेमिनार तथा प्रतियोगितामा सहभागिता जनाउने ।

झ) संस्था आत्मनिर्भर गराउन आर्थिक सहयोग तथा अन्य सहयोगको बन्दोबस्त गर्ने गराउने ।

**५. संस्थाको उद्देश्य प्राप्त गर्न गरिने कामहरुः-**

क) संस्थाले सम्बन्धित निकायबाट अनुमति वा इजाजत प्राप्त गरी मात्र आपनो उद्देश्यहरु कार्यान्वयन गर्नेछ ।

ख) संस्थालाई आवश्यक पर्ने भवन निमार्ण गर्ने वा लिजमा लिनेछ र कम्प्यूटर, टेलिफोन, टाइपराइटर, फ्याक्स जस्ता कार्यालयलाई आवश्यक पर्ने सामान तथा सवारी साधन खरिद गर्नेछ वा भाँडामा लिई प्रयोग गर्नेछ ।

ग) संस्थालाई आवश्यक पर्ने कर्मचारी नियुक्त गर्ने तथा तिनको सेवासर्तहरु निधरिण गर्नेछ ।

## परिच्छेद-३

## सदस्यता

**६. सदस्यहरुको वर्गीकरणः** यस संस्थाको देहाय बमोजिमका सदस्यहरुको वर्गीकरण गरिएको छ । कार्यसमितिले चाहेमा आवश्यकता अनुसार *संरक्षक* तथा *सल्लाहकार सदस्यता* दिन सक्नेछ तर, उल्लिखित सदस्यहरुमा मताधिकार रहनेछैन ।

क) *साधारण सदस्यः* यस विधानको दफा ७ बमोजिम योग्यता पुगेको कुनै पनि नेपाली नागरिकले तोकिएको प्रकृया अन्तर्गत रही आवेदन गरेमा संस्थाको सदस्यता प्राप्त गर्ने व्यक्तिहरु साधारण सदस्य हुनेछन् ।

ख) *संस्थापक सदस्य:* यस संस्था दर्ता हुँदाको बखतका पदाधिकारीहरु संस्थापक सदस्य हुनेछन् । संस्थापक सदस्यहरुले साधारण वा आजीवन सदस्यता लिएर विधान बमोजिम शुल्क बुझाउनुपर्नेछ ।

ग) *आजीवन सदस्यः* संस्था र समाज सेवाप्रति विशेष सहयोग-दान पुऱ्याउने व्यक्तिहरुलाई तोकिएको प्रकृया अन्तर्गत आजीवन सदस्यता प्रदान गरिनेछ ।

घ) *मानार्थ सदस्यः* समाजमा स्थापित बिशिष्ट समाजसेवी तथा प्रतिष्ठित उपयुक्त ठहरेका नेपाली तथा जापानी नागरिकलाई संस्थाको मानार्थ सदस्य प्रदान गर्न सकिनेछ तर मानार्थ सदस्यहरुको मताधिकार रहनेछैन ।

**७. सदस्यता प्राप्तिका लागि आवश्यक योग्यताः**

यससंस्थाको सदस्यको लागि देहाय बमोजिमको योग्यता पुगेको हुनुपर्नेछ ।

क) नेपाली नागरिक हुनुपर्ने ।

ग) मानसिक सन्तुलन नगुमाएको स्वास्थ्य हुनुपर्ने ।

घ) सार्वजनिक सम्पति हिनामिना नगरेको हुनुपर्ने ।

ङ) नैतिक पतन देखिने फौजदारी र भ्रष्टाचारको अभियोगमा सजाय नपाएको हुनुपर्ने।

च) जन–चेतना र समाजसेवामा समय दिन सक्ने र यससंस्थाको विस्तारलाई अगाडि बढाउन सक्ने मानसिकता बोकेको हुनुपर्ने ।

छ) क्युशुक्षेत्रमा बसोबास गर्ने नेपाली नागरिक, नेपाली नागरिक सँग वैवाहिक सम्बन्ध कायम रहेका जापानी नागरिक तथा तिनका छोराछोरीहरु ।

## ८. सदस्यताको योग्यताः

देहायको अवस्थामा सदस्यताको योग्यता पुगेको मानिने छैन ।

क) मगज बिग्रिएको वा बौलाएको ।

ख) सार्वजनिक सम्पति हिनामीना गरेको ठहरेको ।

ग) नैतिक पतन देखिने फौजदारी र भ्रष्टाचारको अभियोगमा सजाय पाएको ।

घ) सम्वन्धित संस्थाको व्यवसायमा निजी स्वार्थ भएको ।

ङ) साहुको दामासाहीमा परेको ।

च) कुनै प्रकारको चोरी, ठगी, किर्ते वा जालसाजी गरेको वा आफ्नो जिम्माको धनमाल अनधिकृत तवरले मासेको वा दुरुपयोग गरेको वा भ्रष्टाचार गरेको अभियोगमा अदालतबाट कसुरदार ठहरी सजाय पाई सजाय पाएको एक वर्ष भित्र ।

## ९. सदस्यताको समाप्तिः

१. देहायको अवस्थामा सदस्यता समाप्ति हुनेछ ।

क) यस विधानको दफा ८ बमोजिमको सदस्य पद प्राप्त गर्न नसक्ने भएमा ।

ख) साधारणसभाको ७५% सदस्यको बहुमतले पदबाट हटाउने प्रस्ताव पारित गरेमा ।

ग) संस्थाको कामकारवाहीमा बेइमानी वा बदनियत गरेको कुरा प्रमाणित भएमा ।

घ) सदस्यले दिएको राजिनामा कार्यसमितिले पास गरिदिएमा ।

ङ) यस विधान बमोजिम संस्थाले गर्न नहुने भनी तोकिएको कुनै कार्य गरेमा ।

च) सदस्यता शुल्क बुँझाउन बाँकी भएमा वा सदस्यता नविकरण नगरेमा ।

छ) सदस्यको मृत्यु भएमा ।

ज) संस्था बिघटन भई खारेज भएमा ।

२. कुनै व्याक्ति संस्थाको सदस्यता प्राप्त गर्न वा बहाल रहन अयोग्य ठहराउन भन्दा अघी संस्थाले निजलाई सो सुचना दिई सफाईको सवुत पेश गर्ने मौका दिनुपर्नेछ ।

## १०. सदस्यता शुल्क र सदस्यता प्रदान गर्ने विधि:

यस विधानको दफा ६ बमोजिमको सदस्यहरुले देहाय बमोजिम तोकिएको शुल्क तिरी सदस्यता प्राप्त गर्न सक्नेछन।

१. *साधारण सदस्य तथा क्रियाशील सदस्यः-*

फुकुओका केनमा बसोबास गर्ने सम्पूर्ण नेपाली तथा नेपाली समुदायसँग आबद्ध बक्तिहरु स्वत फुकुओका नेपाल सोसाइटीका साधारण सदस्य हुनेछन ।

क) क्रियाशील सदस्य प्राप्त गर्ने चाहने व्यक्तिले प्रवेश शुल्क वापत १,००० जापानी येन र वार्षिक शुल्क वापत १,००० जापानी येन बुझाई तोकिएको प्रक्रिया अनुसार आवेदन पेश गर्नेलाई कार्यसमितिको निर्णयले क्रियाशील सदस्यता प्रदान गर्न सकिनेछ ।

ख) त्यस्ता क्रियाशील सदस्यले वार्षिक नविकरण शुल्क १,००० जापानी येन बुझाउनु पर्नेछ ।

ग) क्रियाशील सदस्य प्राप्त गर्ने सदस्यले वर्ष फागुन महिनाको मसान्त भित्र नविकरण गराई सक्नुपर्नेछ र त्यसपछिको हकमा तोकिए बमोजिमको थप दस्तुर बुझाई नविकरण गर्न सक्नेछ ।

घ) क्रियाशील सदस्यसँग मताधिकार रहनेछ भने साधारण सदस्यमा यो अधिकार रहने छैन ।

२. *संस्थापक सदस्यः*

क) यो संस्था दर्ता हुँदाको बखतका तदर्थ समितिका पदाधिकारीहरु स्वत: संस्थापक सदस्य हुनेछन् ।

ख) संस्थापक सदस्यहरुले विधानमा उल्लेख भएबमोजिमको शुल्क बुझाई साधारण सदस्य वा आजीवन सदस्य प्राप्त गर्न सक्नेछन् ।

३. *आजीवन सदस्यः*

संस्थामा एकमुष्ट १०,००० जापानी येन बुझाई तोकिएको प्रक्रिया अन्तर्गत आवेदन दिने व्याक्तिहरुलाई कार्य समितिको निर्णयले आजीवन सदस्यता प्रदान गर्न सक्नेछ ।

४. *मानार्थ सदस्यः*

साधारणसभाको निर्णयले उपयुक्त ठानेको समाजसेवी बिशिष्ठ व्यक्ति तथा प्रतिष्ठित नेपाली नागरिकहरुलाई मानार्थ सदस्य प्रदान गर्न सक्नेछ, तर मानार्थ सदस्यको मताधिकार रहनेछैन ।

५. कुनै आवेदकलाई सदस्य नदिने निणर्य गरेमा सोको कारण सहितको जानकारी आवेदकलाई दिइनेछ ।

६. सबै सदस्यहरुले यस विधान र विधान अन्तर्गत बनेको नियम र बिनियम बमोजिम भएको व्यवस्थाको पालना गर्नुपर्नेछ ।

७. संस्थाले प्रदान गरेको उपदफा १, २, ३, र ४ अनुसारको सदस्यहरुको तोकिएको ढाँचामा छुट्टै अभिलेख पुस्तिका रहनेछ ।

## परिच्छेद-४
## साधारणसभा

**११. साधारणसभाको गठन**

१. यससंस्थाको विधानको दफा ७ अनुसार सदस्यता प्राप्तगर्ने सम्पुर्ण सदस्यहरु रहेको संस्थाको साधारणसभा गठन हुनेछ । साधारणसभा संस्थाको सर्वोच्च अंग हुनेछ ।

२. यस संस्थाको साधारणसभा देहाय बमोजिम हुनेछ ।

क) वार्षिक साधारणसभाः वर्षको एकपटक वार्षिक साधारणसभा बस्नेछ ।

ख) विशेष साधारणसभाः संस्थाको कूल सदस्यको १।४ (एकचौथाई) सदस्यहरुले कारण जनाई विशेष साधारणसभा माग गरेमा विशेष साधारणसभा, कार्यसमितिको कम्तीमा ७ (सात) दिनभित्र अनिवार्यरुपमा बोलाउनु पर्दछ तर, साधारणसभा वा विशेषसभा बसेको छ महिना भित्र पुनः विशेषसाधारणसभा बस्न सक्नेछैन ।

३. यस संस्थाको वार्षिक साधारणसभा गर्नको लागि कम्तीमा १५ दिन अगावै र विशेष साधारणसभा गर्नका लागि कम्तीका ७ (सात) दिन अगावै सभा हुने स्थान, मिति, समय, र छलफल गर्ने विषय खोली सबै साधारण सदस्यहरुलाई अनिवार्य रुपले सूचना दिइनेछ ।

४. उप-दफा ४ बमोजिम बोलाईएको साधारणसभा वा विशेष साधारणसभामा विधानको दफा १७ बमोजिमको गणपूरक संख्या नपुगी सभा हुन नसकेमा कम्तीमा ७ (सात) दिनको म्याद दिई पुनः साधारणसभा बोलाइनेछ ।

५. साधारणसभा र विशेष साधारणसभाको छुट्टाछुट्टै निर्णयपुस्तिका राखिनेछ ।

**१२. साधारणसभाको काम, कर्तव्य र अधिकारः**

साधारणसभाको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।

क) कार्य समितिले पेश गरेको योजना कार्यक्रमहरु र वार्षिक बजेट पारित गर्ने ।

ख) लेखापरीक्षकबाट प्राप्तभएको वार्षिक लेखापरीक्षण प्रतिवेदन माथि छलफल गरी अनुमोदन गर्ने र लेखापरीक्षण प्रतिवेदनबाट देखिएका अनियमित बेरुजु रकमहरु माथि छलफल गरी नियमित गर्न नमिल्ने बेरुजु रकमहरु अशुलउपर गरी फछ्यौट गर्नको लागि कार्य समितिलाई निर्देशन दिने ।

ग) आगामी वर्षको लागि लेखा परीक्षकको नियुक्ति गर्ने ।

घ) संस्थाको वार्षिक कार्यप्रगति विवरण र संस्थाले गरेको कार्यहरुको मूल्याङ्कन गरी कार्यसमितिलाई आवश्यक निर्देशन दिने ।

ङ) संस्थाको कार्य समितिका पदाधिकारीको पदावधि पुगेको अवस्थामा नयाँ पदाधिकारीहरुको लागि विधान बमोजिमको प्रक्रिया अन्तर्गत रही निर्वाचन गर्ने ।

च) निर्वाचन बाहेक पक्ष बिपक्षमा मत दिँदा साधारणतया हात उठाई गर्न सकिनेछ तर, आवश्यक परेमा गोप्य मतदान पनि गर्न सकिनेछ। मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

छ) मानार्थ सदस्यता प्रदान गर्ने ।

ज) कार्यसमितिबाट संस्थाको हित अनुकुल भएका काम - कारवाहीहरुको, औचित्य हेरी अनुमोदन गर्ने ।

झ) संस्थाको उद्‌देश्य कार्वान्वयन गर्ने सम्बन्धमा उपयुक्त र आवश्यक कार्य गर्ने गराउने ।

## परिच्छेद-५

# संरक्षक समिति, कार्यसमिति, काम, कर्तव्य र अधिकार

### १३. संरक्षक समितिको काम, कर्तव्य र अधिकारः

संरक्षक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) साधारणसभामा भागलिने र सुझाव दिने ।

ख) संस्थाको उद्देश्य, हित र लक्ष्य बमोजिम काम गर्न प्रोत्साहन र अनुगमन गर्ने ।

ग) प्रत्येकवर्षको अन्तमा आय-व्ययको हिसाब र प्रगति प्रतिवेदनको जानकारी लिने-दिने ।

घ) आर्थिक श्रोतका लागि भएको विभिन्न च्यारीटीसो, विभिन्न नेपाली चाडपर्व मनाउने, विद्यार्थी सचेतना कार्यक्रमहरुमा सहभागी हुने ।

ङ) आवश्यकता अनुसार नियमावली बनाउन सहयोग र सुझाब दिने ।

च) संस्थाको अभिभाबकको काम गर्ने ।

छ) अध्यक्षको राजिनामा वा अविस्वासको प्रस्ताव पारित भएमा स्वीकृति दिने र नयाँ सदस्यको पदस्थापना गर्ने ।

ज) विवाद भएमा समाधान र विधानको पालना गराउने र निष्पक्ष कार्य गराउने ।

### १४. कार्य समितिको गठनः

१. देहाय बमोजिमको पदाधिकारीहरु रहने गरी १२ र ३ मनोनित गरी जम्मा १५ सदस्यीयको १ कार्य समिति गठन गरिनेछ।

| | | |
|---|---|---|
| क) साधारणसभाको बहुमतले निर्बाचित | अध्यक्ष | १ |
| ख) साधारणसभाको बहुमतले निर्वाचित | वरिष्ठ उपाध्यक्ष | १ |
| ग) साधारणसभाको बहुमतले निर्बाचित | उपाध्यक्ष | ३ |
| घ) साधारणसभाको बहुमतले निर्वाचित | सचिव | १ |
| ङ) साधारणसभाको बहुमतले निर्वाचित | सह-सचिव | १ |
| च) साधारणसभाको बहुमतले निर्वाचित | कोषाध्यक्ष | १ |
| छ) साधारणसभाको बहुमतले निर्वाचित | सह -कोषाध्यक्ष | १ |
| ज) साधारणसभाको बहुमतले निर्वाचित | सदस्य | ३ अर्थात५ |

福岡ネパールソサエティー

| | | |
|---|---|---|
| झ) अध्यक्षबाट मनोनित | प्रवक्ता | १ |
| ञ) अध्यक्षबाट मनोनित | सदस्य | २ |

**द्रष्टव्य : मानार्थ सदस्य बाहेक साधारणसभाका सदस्यहरु कार्यसमितिका उम्मेदवार तथा मतदाता हुनेछन् ।**

२. कार्यसमितिको कार्यकाल २ (दुई) वर्षको हुनेछ ।

३. वार्षिक साधारणसभा हुनुभन्दा अगावै कार्यसमितिमा कुनै सदस्यको पद रिक्त हुन आएमा बाँकी अवधिका लागि कार्यसमितिका सदस्यको मनोनित कार्यसमितिद्वारा गर्न सकिनेछ । यसरी सो पदमा निर्वाचित भएको सदस्यको कार्यकाल जुन सदस्य पद रिक्त भएको हो, सो सदस्य बाँकी कार्यकालसम्मका लागि मात्र हुनेछ तर अन्य पदहरुको लागि विधान बमोजिम बाँकी अवधिको निमित्त निर्वाचन प्रकृयाद्घारा पदपूर्ति गरिनेछ ।

४. कार्यसमितिको बैठकमा हुनुपर्ने र आवश्यकता अनुसार बीचमा पनि अध्यक्षले बोलाउन सक्नेछ ।

५. बैठक संचालन हुन अनिवार्य कार्यसमितिका सदस्यको ५१% हुनुपर्नेछ ।

६. कार्यसमितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र बराबर भएमा अध्यक्षले निर्णायक मत दिन सक्नेछ ।

७. कार्यसमितिको बैठकमा छलफल भएको विषयहरुको छुट्टै निर्णय किताबमा लेखी राखिनेछ र सो निर्णय विवरणमा बैठकमा उपस्थित सम्पुर्ण सदस्यहरुले सहि गर्नुपर्नेछ तर, निणर्यमा असहमति जनाउनेहरुले कैफियत खोली सहि गर्नुपर्नेछ ।

८. संस्थाले गर्ने भनेको सम्पुर्ण कार्यकार्यसमितिको निर्णयबाट हुनेछ ।

९. माथि दफाहरु जुनसुकै कुरा लेखिएको भएतापनि कार्यसमितिले गर्न पाउने कुनै कार्यको सम्बन्धमा कार्यसमितिका सबै पदाधिकारीहरु लिखितरुपमा सहमतभएमा त्यस्तो सहमतिलाई निर्णयपुस्तिकामा संलग्न गरी त्यस्तो काम बैठक बिना पनि गर्न सकिनेछ । उपरोक्त बमोजिम सहमतिलाई कार्यसमितिको बैठकको निर्णय सरह मानिनेछ ।

**१५. कार्यसमितिको काम, कर्तव्य र अधिकारः**

कार्यसमितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) साधारणसभाको नीति निर्देशन पालना गर्ने ।

ख) संस्थाको उद्देश्य, हित र लक्ष्य बमोजिम काम गर्ने ।

घ) प्रत्येक वर्ष बजेट बनाई साधारणसभाबाट पारित गराउने ।

ङ) प्रत्येक वर्षको अन्तमा आय-व्ययको हिसाब र प्रगति प्रतिवेदनको जानकारी समिति सदस्यलाई र संरक्षक समितिमा दिने ।

च) विधानको मूल भावाना अनुरुप अन्य नियम-उपनियम बनाउने, संशोधन गर्ने र खारेज गर्ने ।

छ) संस्थाको लागि स्थायी अस्थायी कोष खडा गर्ने ।

ज) विभिन्न संघ-संस्थाबाट हुने सेमिनार भेलामा संस्थाको प्रतिनिधित्व गर्ने, गराउने ।

ढ) आर्थिक श्रोतका लागी विभिन्न च्यारीटी सो, विभिन्न नेपाली चाडपर्व मनाउने, विद्यार्थी सचेतना कार्यक्रमहरु संचालन गर्ने, गराउने ।

ण) आवश्यकता अनुसार कर्मचारी नियुक्त गर्ने, खारेजगर्ने र कार्यक्रम तोक्ने सम्बन्धी नियमावली बनाई साधारणसभाबाट स्वीकृत गराई लागू गर्ने गराउने ।

त) संस्थाको उद्देश्य परिपुर्तिको लागिआफ्नो कार्यवधिमा उपयुक्त व्यक्तिहरुको सल्लाहाकार समिति, अन्यसमिति, उपसमिति गठन गर्ने र आवश्यकता अनुरुप कार्यको बाँडफाड गरिदिने ।

थ) संस्थाको नेतृत्वदायी भूमिका निर्वाह गर्ने ।

द) अन्य भैपरी आएको कार्यक्रम गर्ने, गराउने ।

**१६. पद त्याग गर्न सक्ने:**

अध्यक्षले संरक्षक समिति मार्फत र उपाध्यक्ष तथा अन्य पदाधिकारीहरुले अध्यक्ष समक्ष राजिनामा दिई पद त्याग गर्न सक्ने छन् ।

## परिच्छेद-६

# पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार

**१७. पदाधिकारीहरुको काम, कर्तव्य र अधिकारः**

१) अध्यक्षको काम, कर्तव्य र अधिकारः

क) समिति र साधारणसभाको बैठक बोलाउने ।

ख) समिति र साधारणसभाको बैठकको अध्यक्षता गर्ने ।

ग) संस्थाको तर्फबाट प्रतिनिधित्व गर्ने वा प्रतिनिधि तोक्ने ।

घ) समितिको कुनै किसिमको बैठकमा मतदान भई बराबर मत भएमा निर्णायक मत दिने ।

ङ) साधारणसभा समितिले तोके बमोजिम काम, कर्तव्य र अधिकार पालना गर्ने र प्रयोग गर्ने ।

च) संस्थाका उद्देश्य, भावना विरुद्ध काम भएमा, चल अचल सम्पतिको दुरुपयोग भएमा विवादको स्थितिमा कार्य संचालनमा बाधा हुँदा अन्य उचित कारण देखिएमा अध्यक्षले आफ्नो विशेषअधिकार प्रयोग गरी पहिलो पटक संकेत दिने, दोस्रो पटक आवश्यक कारवाही गर्न सक्नेछ तर, यसको पुष्टी साधारणसभामा एक महिनाभित्र गराउनु पर्नेछ ।

छ) अध्यक्षले एक कार्यकालमा भइपरी आउने आकस्मिक प्रयोजनको लागि रु.१ लाखसम्म मात्र खर्च गर्न सक्नेछ। तर, यसको पुष्टि आगामि कार्यसमिति वा साधारणसभामा दिनुपर्नेछ ।

ज) विभिन्न उपसमिति गठन गर्ने, बिघटन गर्ने र कार्यको रेखदेख गर्ने ।

झ) वार्षिक आय-व्ययको हिसाब र प्रतिवेदन साधारणसभामा पेश गर्ने ।

ञ) आयव्ययको श्रोत प्रमाणित गर्ने ।

ट) आवश्यकता अनुसार बैठकहरु बोलाउन सचिवलाई निर्देशन दिने ।

ठ) अन्य पदाधिकारी एवं सदस्यहरुलाई कामको बाँडफाँड गर्ने ।

ड) संस्थाको नेतृत्व लिने ।

ढ) अभिलेख प्रमाणित गर्ने ।

**२. वरिष्ठ उपाध्यक्षको काम, कर्तव्य र अधिकारः**

क) अध्यक्षको अनुपस्थितिमा वा अन्य कारणले (हाल केहि समयको लागि) काम गर्न नसक्ने लिखित जानकारी दिएमा अध्यक्षको सम्पुर्ण काम, कर्तव्य र अधिकार पालन प्रयोग गर्ने ।

ख) अध्यक्षबाट स्थानीय निर्देशन वा समिति वा साधारणसभाले तोकेको काम, कर्तव्य र अधिकारपालन प्रयोग गर्ने ।

ग) अध्यक्षलाई सहयोग गर्ने ।

**२ क. उपाध्यक्षको काम, कर्तव्य र अधिकारः**

क) अध्यक्ष तथा वरिष्ठ अध्यक्षको अनुपस्थितिमा वा अन्य कारणले (हाल केहि समयको लागि) काम गर्न नसक्ने लिखित जानकारी दिएमा अध्यक्षको सम्पुर्ण काम, कर्तव्य र अधिकार पालन प्रयोग गर्ने ।

ख) अध्यक्षबाट स्थानीय निर्देशन वा समिति वा साधारणसभाले तोकेको काम, कर्तव्य र अधिकारपालन प्रयोग गर्ने ।

ग) अध्यक्षलाई सहयोग गर्ने ।

**३. सचिवको काम, कर्तव्य र अधिकारः**

क) अध्यक्षको सल्लाह वा निर्देशन अनुसार समिति र साधारणसभाको बैठक बोलाउने ।

ख) बैठक निमित कार्यसूची तयार गर्ने र निर्णयपुस्तिका राख्ने ।

ग) संस्थाको र समितिको दैनिक कार्य संचालन गर्ने ।

घ) संस्थाको र समितिको तर्फबाट पत्राचार, लेखापढी गर्ने ।

ङ) वार्षिक प्रतिवेदन बनाई समितिमा पेश गर्ने ।

च) कार्यालयको चलअचल सम्पतिको र कागजातको दायित्व वहन गर्ने ।

छ) विभिन्न उपसमितिहरुमा समन्वय, स्थापना गराउने र संयुक्त बैठकमा सचिवको कार्यसम्पादन गर्ने ।

झ) अध्यक्ष, उपाध्यक्ष, परिषद, कार्यसमिति, साधारणसभा र समितिहरुद्धारा तोकिएको निर्देशन अनुरुप काम गर्ने ।

**४. सह-सचिवको काम, कर्तव्य र अधिकारः**

क) सचिवको अनुपस्थितिमा सचिवको सम्पुर्ण काम (बैंक खाता संचालन बाहेक) कर्तव्य र अधिकार पालना गर्ने ।

ख) सचिवबाट हस्तान्तरीत निर्देशित वा समिति वा साधारणसभा, अध्यक्ष र उपाध्यक्षले तोके बमोजिम कार्य गर्ने ।

**५. कोषाध्यक्षको काम, कर्तव्य र अधिकारः**

क) संस्थाको कोषको रेखदेख र संचालन गर्ने ।

ख) साधारणसभामा वार्षिक कार्यक्रम र बजेट पेश गर्ने ।

ग) लेखा दुरुस्त राख्ने ।

घ) नियमित रुपमा वार्षिक लेखा परीक्षण गराउने ।

ङ) बैंक खाता संचालन गर्ने ।

**६. सदस्यहरुको काम, कर्तव्य र अधिकारः**

क) समितिको बैठकमा सक्रिय सहभागिता जनाउने ।

ख) संस्थाको कार्यमा रचनात्मक भूमिकाको निर्वाह गर्ने ।

ग) संस्थाप्रति उत्तरदायित्व निर्वाह गर्ने ।

**७. प्रबक्ताको काम कर्तब्य र अधिकार**

अध्यक्षको प्रत्यक्ष सल्लाह तथा निर्देशनमा काम गर्ने ।

**१७. गणपूरक संख्या**

१. कुल सदस्य संख्याको ६०% (साठी) प्रतिशत साधारण सदस्यहरुको उपस्थित नभई साधारणसभाको काम कारवाही हुनेछैन ।

२. तर, विधानको दफा ११(एघार) को ५(पाँच) मा भए बमोजिम पुनः बोलाईएको साधारणसभामा कुल सदस्य संख्याको ५१ % उपस्थित भएमा सभा गर्न बाधा पर्नेछैन ।

३. साधारणसभा र कार्यसमितिको बैठकमा सल्लाहाकार समितिलाई पनि बोलाउन सकिनेछ तर गणपुरकसंख्या र मतदानमा निजहरुको मान्यता रहनेछैन ।

## परिच्छेद-७

## कोष

**१९. संस्थाको कोषः**

१. संस्थाको आफ्नो एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहाय बमोजिमको प्राप्त रकमहरु जम्मा हुनेछन् ।

क) सदस्यता वापत प्राप्त प्रवेश शुल्क र सदस्यता शुल्क रकम ।

ख) च्यारीटी सो वा अन्य प्रदर्शनबाट प्राप्त रकम ।

ग) चन्दा, अनूदान, सहायता वापत प्राप्त रकम ।

घ) नेपाल सरकार प्राप्त सहयोग वा अन्य रकम ।

ङ) संस्थाको चल अचल सम्पति वा अन्य वस्तुको बिक्रीबाट प्राप्त रकम ।

च) नेपाल सरकारको सम्वन्धित निकायबाट पूर्वस्वीकृति लिई बिदेशी संस्था, व्यक्ति वा अन्तराष्ट्रिय संघ-संस्थाबाट सहयोग वापत प्राप्त रकम ।

छ) साधारणसभा र समितिले तोके बमोजिम अन्य श्रोतबाट प्राप्त रकम ।

२. संस्थामा प्राप्त दफा १८ बमोजिमको रकम स्थानिय बैकमा जम्मा गरी बैक खाता संचालन गरिनेछ ।

**२०. खाता सञ्चालानः**

खाता सञ्चालनको हकमा अध्यक्ष र सचिव मध्ये १ (एक) जना र कोषाध्यक्षको अनिर्वाय दस्तखतबाट खाता संचालन हुनेछ । प्रचलित ऐन नियमअनुसार खर्च गर्ने तथा खर्चको श्रेता राख्ने व्यवस्था गरिनेछ ।

**२०. कोषको रकम खर्च गर्ने तरिकाः**

संस्थाको कोषमा जम्मा भएको रकम खर्च  देहाय बमोजिम तरिका अपनाई खर्च गरिनेछ ।

क) संस्थाको वार्षिक बजेट योजना र कार्यक्रम स्वीकृत नगरी कोषबाट खर्च गर्न सकिने छैन ।

ख) साधारणसभाबाट पारित बजेट र कार्यक्रमको अधिनमा रही कोषबाट रकम खर्च गर्न सकिनेछ ।

ग) कोषबाट खर्च भएको रकमको आर्थिक प्रतिवेदन साधारणसभामा अनिवार्यरुपले पेश गर्नु पर्नेछ ।

घ) कोषको रकम खर्च गर्दा तोकिए बमोजिम खर्च गर्नुपर्नेछ ।

**२२. संस्थाको लेखा र लेखापरिक्षणः**

१. संस्थाको आयव्ययको लेखा प्रचलित कानून बमोजिम स्पष्ट तवरले राखिनेछ ।

२. संस्थाको लेखापरीक्षण प्रचलित कानूनबमोजिम रजिष्टर्ड लेखापरीक्षकबाट हुनेछ ।

३. लेखापरीक्षणको नियुक्ति साधारणसभाबाट हुनेछ तर, प्रथम वार्षिक साधारणसभा नभएसम्म लेखापरीक्षकको नियुक्ति कार्यसमितिबाट हुनेछ ।

# परिच्छेद-८

## अविश्वासको प्रस्ताव

**२३. अविश्वासको प्रस्तावः**

१. अविश्वासको प्रस्ताव लिखित रुपमा कुन कुन पदाधिकारिको विरुद्धमा हो स्पष्ट खुलाइ देहाय बमोजिमको रित पुर्याई संस्थामा दर्ता गर्नु पर्नेछ ।

क) नेपाली भाषामा शिष्ट शब्दको प्रयोग गरी लेखिएको हुनुपर्छ ।

ख) प्रस्तावको विषय स्पष्ट र व्यवहारिक हुनुपर्छ ।

ग) साधारणसभा सदस्यहरु मध्येबाट कम्तीमा १।४ (एकचौथाई) सदस्यहरुको प्रष्ट नाम, थर र ठेगाना सहित खुलाई सहि भएको हुनुपर्छ ।

२. उपदफा १ बमोजिम संस्थामा दर्ता भएको अविश्वासको प्रस्तावको स्पष्ट विषय खुलाई साधारणसभा वा विशेष साधारणसभा बस्ने स्थान, मिति, समय समेत तोकी संस्थाको साधारण सभाको सम्पुर्ण पदाधिकारी र सदस्यहरुलाई विधानको दफा ११ (४) बमोजिम साधारणसभा वा विशेष साधारणसभा बस्ने सूचना दिईनेछ ।

३. अविश्वासको प्रस्ताव उपर छलफल गर्न बसेको साधारणसभाले अविश्वास प्रस्तावको पक्ष-बिपक्षको राय र सम्बन्धित पदाधिकारि वा सदस्यको प्रतिवाद कथनलाई बिचार गरी साधारणसभामा उपस्थित सदस्य संख्याको दुईतिहाई सदस्यले प्रस्तावको पक्षमा मत दिएमा अविश्वास प्रस्ताव पारित भएको मानिनेछ।परिणामस्वरुप सम्वन्धित कार्यसमिति वा सदस्य आफ्नो पदबाट मुक्त भएको मानिनेछ ।

४. अविश्वास उपर छलफल गर्न बोलाएको साधारणसभाको अध्यक्षता कार्यसमितिको अध्यक्षले गर्नेछ तर कार्यसमितिको विरुद्ध अविश्वास दर्ता भएकोमा र अध्यक्ष उपर अविश्वास प्रस्ताव दर्ता भएकोमा संरक्षक समितिको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

५. कार्यसमिति उपर अविश्वासको प्रस्ताव पारित भएमा उक्त विशेष साधारणसभाबाट तीन महिना भित्र निर्वाचन गराउने गरी संरक्षक समिति सदस्यहरु मध्येबाट एउटा तदर्थ समिती गठन गर्नेछ। उक्त तदर्थ समितिले दैनिक प्रशासनिक कार्यहरु संचालन गर्नुका अतिरिक्त निर्वाचन गराउनु पर्नेछ ।

६. वार्षिक साधारणसभा बस्ने अवस्था रहेमा अविश्वासको प्रस्ताव त्यस्तो वार्षिक साधारणसभामा पनि पेश गर्न सकिनेछ ।

७. अविश्वास प्रस्ताव निर्वाचन भएको एक वर्ष नबित्दै र एउटा अविश्वासको प्रस्ताव अस्विकृत भएको मिति देखि १ वर्ष नबित्दै अर्को अविश्वास प्रस्ताव पेश गर्न पाउने छैन ।

**२४. निर्वाचनः**

१. कार्यसमितिको निर्वाचन हुनुपर्ने सदस्यहरुको साधारणसभाबाट हुने निर्वाचनको लागि संरक्षक समितिवाट निर्वाचन समिति नियुक्त गरिनेछ ।

२. निर्वाचन समितिले प्रचलित कानूनको परिधि भित्र रहेर निर्वाचन कार्यविधि आफैं व्यवस्थित गर्नेछ ।

३. निर्वाचन सम्बन्धी विवाद उत्पन्न भएमा विवादको टुङ्गो निर्वाचन समितिले गरेको निर्णय नै अन्तिम हुनेछ ।

४. निर्वाचन विधिवत, स्वतन्त्र र निश्पक्ष सम्पन्न गर्ने उतरदायित्व निर्वाचन समितिको हुनेछ ।

५. निर्वाचन सम्पन्न भएको भोलिपल्ट निर्वाचन समितिको स्वत: विघटन हुनेछ ।

**२५. उमेदवारको योग्यताः** उमेदवारको लागि देहाय बमोजिमको योग्यता पुगेको हुनुपर्नेछ। दफा ७ बमोजिम योग्यता पुगी संस्थाको सदस्यता प्राप्त गरेको नेपाली तथा जापानी नागरिक सदस्यको लागि योग्य हुनेछ तर, तल उल्लेखित शर्तअनुसार हुनेछ ।

क) अध्यक्ष पदको लागि सदस्य बाहेकको पदमा रहेको ब्यक्ति हुनुपर्नेछ, सदस्य बाहेकको पद भन्नाले बरिष्ठ उपाध्यक्ष, उपाध्यक्ष, सचिब, सह-सचिब, कोषाध्यक्ष, सह-कोषाध्यक्ष, प्रबक्ता सम्म रहनेछ साथै लगातार ३ कार्यकाल मध्यको २ कार्यकाल संस्थामा रही काम गरेको हुनुपर्नेछ ।

ख) अध्यक्ष बाहेकको प्रमुख पद (बरिष्ठ उपाध्यक्ष, उपाध्यक्ष, सचिब, सहसचिब, कोषाध्यक्ष, सह-कोषाध्यक्ष) पदको लागि एक कार्यकाल सदस्य भइ सक्रिय रुपमा काम गरेको व्यक्ति मात्र उम्मेदवार हुनेछ।

ग) सदस्यको उम्मेदवारका लगि दफा ७ बमोजिम योग्यता पुगी संस्थाको सदस्यता प्राप्त गरेको नेपाली तथा जापानी नागरिक सदस्यको योग्य हुनेछ ।

दफा ६ बमोजिम मानार्थ सदस्य बाहेकका सदस्यहरु

**२६. विधान संशोधनः**

१. यस विधानमा कुनै संशोधन गर्नपरेमा कार्यसमितले साधारणसभा हुनभन्दा कम्तीमा २१ दिन अगाडी लिखित सूचना दिई प्रकाशित गर्न सक्नेछ ।

२. प्रस्तावित संशोधन साधारणसभामा उपस्थित सदस्यहरूको दुईतिहाई बहुमत द्धारा पारित हुनु पर्नेछ ।

३. संशोधन विधान कार्यसमितिको बैठकपछि स्वत: लागू हुनेछ ।

**२७. नियम वा विनियम बनाउने अधिकारः**

१. यस विधानको उद्देश्यहरु पूर्ति गर्न कार्यसमितिले आवश्यक नियम तथा विनियम बनाउन सक्नेछ ।

२. कार्यसमितिले नियम वा विनियम प्रस्तावित गरी साधारणसभाको स्वीकृती लिई लागू गर्नेछ ।

३. संस्थाको सदस्यता व्यवस्थित गर्ने आवश्यकता परेमा कार्यसमितिले सदस्यता वितरण नियमावली बनाई **साधारणसभाको स्वीकृती लिई लागू गर्न सक्नेछ ।**

**२८. आर्थिक बर्षः**

अप्रिल १ देखि मार्च मसान्त सम्मको आर्थिक वर्ष शुरु हुनेछ । यसलाई असर नपर्नेगरी संस्थाको वार्षिक अधिवेसन गर्नुपर्नेछ । कारणवस, यसो हुन नसकेमा, संस्थाको वार्षिक अधिवेसन पछि नै आ.व. गणना गरिनेछ ।

**२९. बाधा अड्काउ फुकाउः**

यस विधानको कार्यावन्यनको लागि कुनै बाधा अड्काउ परेमा कार्यसमितिले निर्णय गरी त्यस्तो बाधा **अड्काउ फुकुवा गर्न सकिनेछ । सोको जानकारी साधारणसभा बस्दा सभामा दिनुपर्नेछ ।**

**३०. विघटनः**

कुनै कारण संस्था बिघटन भएमा यस संस्थाको सम्पुर्ण जायजेथा, चल-अचल सम्पति सामाजिक कार्यका लागी प्रयोग गरिनेछ ।

**३१. व्याख्याः**

यो विधान र विधान अन्तर्गत बनेको नियम बिनियमको व्याख्या गर्ने अधिकार कार्यसमितिलाई र संरक्षक समितिलाई हुनेछ ।

**३२. गोप्यता भंग गर्न नहुने:**

यस संस्थाको कुनै पनि पदाधिकारी वा सदस्यले संस्थाको अहित हुने गरी गोप्यता भंग गर्नुहुदैन ।

**३३. निर्देशनको पालनाः**

नेपाल सरकार वा कुटनिति नियोगले दिएको निर्देशनको पालना गर्नु संस्थाको कर्तव्य हुनेछ ।

**३४. खारेजी र बचाउः**

१. साधारणसभाले आवश्यक देखेमा विशेष प्रस्ताव पारित गरी संस्थाको खारेजी गर्न सक्नेछ ।

२. उपदफा १ बमोजिम संस्थाको खारेजीको प्रस्ताव पारित गर्दा साधारणसभाले खारेजीको कामका लागि संस्थाको हिसाब किताब गर्नको लागि लेखापरीक्षक नियुक्त गर्न सक्नेछन् ।

३. उपदफा २ बमोजिम नियुक्त लेखापरीक्षकको पारिश्रमीक साधारणसभाले तोकिदिए बमोजिम हुनेछ ।

४. यस विधानमा लेखिएका कुराहरु प्रचलित नेपाल तथा जापानको कानुनसँग बाझिएमा बाझिएको हदसम्म स्वत: निष्कृय हुनेछन् ।

## अनुसुची १

फ़ुकुओका नेपाल सोसाइटीको लोगो

नेपलको सर्वोच्चता नेपाल र नेपालीको पहिचान र फ़ुकुओका नेपाल सोसाइटीको अर्थ अंकित ।

कार्यालयको छाप

## अनुसुची २

अनुसुची १ को लोगो बमोजिम ।

## अनुसुची ३

आवेदन फारामको नमुना र लेटरप्याड

अनुसुची १, २, परिच्छेद १ को क, ख र परिच्छेद ५ लाई समेट्नुपर्ने ।

## अनुसुची ४

***बिधान संसोधन** २०२१

**२५औं कार्यसमितिले गरेको संसोधन प्रस्ताब माथि मिती २०२१ जुन १६ तारिक बिधान संसोधन समितीको छलफल पश्चात मिती २०२१ जुन १८ मा भर्चुअल माध्यम जुम मार्फत बोलाइएको बिधान सभाले सर्बसम्मत पारित गरेका बुँदाहरु २६औं कार्यकालबाटनै लागु हुने कुरा पनि सर्बसम्मतले पारित गरिएको छ ।**

## बिधान संसोधन समिती

- **सल्लाहाकार :- अशोक कुमार क्षेत्री**
- **सल्लाहाकार :- धर्मराज अधिकारी**
- **सल्लाहाकार :- प्रदिप श्रेष्ठ**
- **सल्लाहाकार :- अर्जुन थापा**
- **सदस्य :- छत्र दाहाल**
- **सदस्य :- बद्री पौडेल**
- **सदस्य :- रामकृष्ण श्रेष्ठ**
- **सदस्य :- दिपक देबकोटा**
- **सदस्य :- लक्ष्मण बानियाँ**




- **सदस्य :- शिब शर्मा**
- **सदस्य :- माधब सिग्देल**
- **सदस्य :- रबि बस्नेत**
- **संयोजक :- पुरुषोत्तम सिग्देल**

**सपथ**

म सत्य निष्ठापूर्वक एवं विवेकपूर्वक सपथ लिन्छु कि यो विधान र यसको अधीनमा बन्ने नियम उपनियमहरुको पालना गर्नेछु । म कहिल्यै पनि विधानले मलाई दिएका अख्तियारीको दुरुपयोग गर्ने एवं पदको गोपनियता भङ्ग गर्ने कार्य गर्ने छैन । म फुकुओका नेपाल सोसाइटीको मूल्य र मान्यताहरुलाई सदा सर्वोत्कृष्टताका साथ आत्मासात गर्ने मेरो प्रतिवद्धतालाई अभिव्यक्त गर्दछु ।